बैठक संख्याः- १०

आज मिति २०७९ साल श्रावण ६ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

१) **निर्णय नं १-** फोहोरमैला व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइड व्यवस्थापन सम्बन्धमा छलफल हुँदा समस्या समाधानका लागि टोल विकास संस्था मार्फत् सबै घरधनी/पसल/व्यवसायीहरुलाई कुहिने र नकुहिने फोहोर छुट्याएर राख्ने र फोहोर संकलन गर्ने गाडी आएपछि मात्र फोहोर बाहिर निकाली गाडीलाई दिन सबै स्थानीय बासीहरुलाई अनुरोध गर्ने । साथै फोहोरमैला विसर्जन गर्ने स्थलको व्यवस्थापन गरि अल्पकालिन समस्या समाधानका लागि तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक - नगर उप प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौला

सदस्य- ७ नं वडा अध्यक्ष श्री कृष्ण प्रसाद खरेल

सदस्यः- ८ नं वडा अध्यक्ष श्री अजय कार्की

सदस्यः- १० नं वडा अध्यक्ष श्री दुर्योधन गुरुङ

२) **निर्णय नं २-** गत आर्थिक वर्ष ०७८/०७९ मा उपभोक्ता समितिसँग सम्झौता भई कार्य सुरु भईसकेका तर कोभिड-१९ महामारी र स्थानीय तह सदस्य निर्वाचन २०७८ का कारण कार्य सम्पन्न हुन बाँकी योजनाहरुलाई चालु आ.ब. को पुष मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी एक पटकका लागि म्याद थप गरी योजनाहरुको कार्यान्वयन गर्ने निर्णय गरियो । तथा चालु आ.ब. देखि उपभोक्ता समिति मार्फत् सञ्चालन हुने कुनैपनि योजना,कार्यक्रमहरुको म्याद अवधी थप नगर्ने निर्णय गरियो ।

३) **निर्णय नं ३-** चालु आर्थिक वर्षबाट सञ्चालन गरिने नगरस्तरीय तथा वडास्तरीय योजनाहरु देहाय बमोजिम तीन चरणमा विभाजन गरी योजनाहरुको लागत स्टिमेट तयार गर्ने, सम्झौता गर्ने तथा सम्झौता भएका सबै योजनाहरुको अन्तिम फरफारक

बैशाखमसान्तसम्म सम्पन्न गर्ने गरी कार्य योजना बनाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय

पहिलो चरण- असोज मसान्त

दोस्रो चरण- मंसिर मसान्त

तेस्रो चरण- माघ १५ सम्म

४) **निर्णय नं ४ -** बिर्तामोड नगरपालिकाको निर्णय तथा क्रियाकलापहरुलाई सार्वजनिकीकरण गर्न वडा नं १ का वडा अध्यक्ष श्री अग्नी प्रसाद पाण्डेज्यूलाई नगरको प्रवक्ता तोक्ने निर्णय गरियो ।

५) **निर्णय नं ५ -** बिर्तामोड नगरपालिकाको शिक्षा ऐन छलफलको क्रममा रहेकाले ऐन जारी नभएसम्मका लागि शिक्षकहरुको अन्तरपालिका र अन्तरजिल्लाको सरुवाका लागि सहमति प्रदान नगर्ने निर्णय गरियो ।